फोन: ०४८-५४०११२

मन्थली नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

मन्थली, रामेछाप
बागमती प्रदेश, नेपाल

सूचना नं.: कृषि-२०८०/८१

## पैंचोपसल सञ्चालनका लागि प्रस्ताव पेश गर्ने सम्वन्धी सूचना

(प्रथम पटक प्रकाशित मितिः २०८०/१०/०७)

मन्थली नगरपालिकाको आ.व. २०८०/८१ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार **५० लागत साझेदारीमा कृषि उपज पैंचो पसल स्थापना तथा सन्चालन कार्यक्रम** कार्यान्वयन गर्नुपर्ने भएकोले मन्थली नगरपालिका क्षेत्र भित्र स्थापना भई ब्यवसाय गरिरहेका सहकारी संस्थाहरुलाई यो सूचना प्रकाशित भएको मितिले १५ दिन (मिति २०८०/१०/२१ गते) भित्र तल उल्लेखित शर्त तथा मापदण्ड अनुसार प्रस्तावपत्र तयार गरी देहायका कागजातहरु सहित कार्यालय समयमा यस कार्यालयमा प्रस्तावपत्र पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।निवेदनको ढाँचा, प्रस्तावपत्रको नमूना, प्रतिवद्धतापत्रको ढाँचा र कार्यक्रम सम्वन्धी जानकारीको लागि मन्थली नगरपालिकाको वेभसाईट www.manthalimun.gov.np बाट पैंचो पसल स्थापना र सञ्चालन मापदण्ड डाउनलोड गरी हेर्न वा यस कार्यालयबाट प्राप्त गर्न सकिनेछ ।

**क. कार्यक्रम तथा बजेट:**

| क्र सं. | कार्यक्रमको नाम | कार्यक्रम संख्या | नगरपालिकाको साझेदारी रु. | कैफियत |
|---|---|---|---|---|
| १ | लागत साझेदारीमा पैंचो पसल स्थापना तथा सञ्चालन | १ | २,५०,०००/- | |

**ख न्यूनतम शर्त तथा मापदण्ड:**

१. पैचो पसल स्थापना तथा सञ्चालन समापदण्ड २०८० को अनुसूचि २ को ढाँचामा प्रस्तावपत्र पेश गर्नुपर्ने छ ।

२.प्रस्तावकले नगरपालिकाबाट विनियोजित बजेटमा न्यूनतम त्यति नै रकम (कम्तिमा ५०/५० प्रतिशत) लागत साझेदारी हुने गरी प्रस्तावपत्र पेश गर्नुपर्नेछ।

३.कार्यक्रमका लागि छनौट भएका सहकारीले कम्तिमा ३ वर्ष पैंचोपसल सञ्चालन गर्ने संस्थागत निर्णय सहितको प्रतिवद्धता पेश गर्नुपर्नेछ ।

४.प्रस्तावकले सम्वन्धित वडाको केन्द्र भाग/वजारक्षेत्रमा पैचो पसल सञ्चालन गरी उक्त स्थानमा आर्थिक कारोवार गर्ने मन्थली नगरपालिकाका कृषकहरुसँग पैंचो कारोवार गर्नुपर्नेछ।

५.कृषकहरुका कृषि उपजहरु प्रचलित मूल्यमा खरीद गरी उनीहरुका लागि आवश्यक वस्तु वा सामग्रीहरु उपलब्ध गराउने कुराको सुनिश्चितता गर्नुपर्नेछ । यस्तो बजार मूल्य सम्वन्धित वडाको समन्वयमा निर्धारण गर्नुपर्नेछ ।

६.नगरपालिका तर्फको बजेटबाट कृषि उपज खरिद स्थलको लागि आवश्यक पूर्वाधार, खरिद भएका सामानहरुको भण्डारण तथा सुरक्षा, नापतौलका उपकरण, ढुवानी एवं वजारीकरणका कार्यहरुमा मात्र साझेदारी गरिनेछ।

**ग. आवश्यक कागजातहरु:**

१. कार्यक्रम माग गर्ने सम्बन्धी मापदणडको अनुसूचि १ को ढाँचामा निवेदन,
२. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र।
३. मापदण्डको अनुसूचि २ को ढाँचामा प्रस्वावपत्र,
४. प्रस्ताव पेश गर्ने आधिकारिक ब्यक्तिको नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि,
५. सहकारी दर्ता प्रमाणपत्र,
६. स्थाई लेखा नं./भ्याट र चालु आ.व. को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि,
७. लेखा परीक्षण प्रतिवेदनको प्रतिलिपी,
८. ब्यवसाय दर्ता/नविकरण प्रमाणपत्र,
९. सहकारीको संस्थागत निर्णयको प्रतिलिपि,

शाखा अधिकृत

# पैंचो पसल स्थापना तथा सञ्चालन मापदण्ड, २०८०

मन्थली नगरपालिका नगर कार्यपालिकाको कार्यालय मन्थली, रामेछाप बागमती प्रदेश, नेपाल

**प्रस्तावना :**

मन्थली नगरपालिका भित्रका साना किसानहका कृषि उत्पादनको वस्तु विनिमयका माध्यमबाट विक्रि वितरण गरी उनीहरुका घर ब्यवहारमा आवश्यक सामानहरु सहज रुपमा उपलब्ध गराई कृषकहरुको जीवनयापनलाई सहज बनाउनका साथै कृषि उत्पादक साना कृषकहरुलाई प्रोत्साहित गर्ने अभिप्रायले पैंचो पसल स्थापना गरी सञ्चालन गर्न वाञ्छनीय भएकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) एवं प्रशासकीय मापदण्ड (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी मन्थली नगरपालिकाका नगर प्रमुखबाट स्वीकृत गरी यो मापदण्ड लागू गरिएको छ।

## परिच्छेद - १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यो मापदण्डको नाम **पैंचो पसल स्थापना तथा सञ्चालन मापदण्ड, २०८०** रहेको छ ।

(२) यो मापदण्ड नगरप्रमुखबाट स्वीकृत भए पछि लागू हुनेछ ।

**२. परिभाषा :**

**विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा :**

(क) **"कार्यालय"** भन्नाले मन्थली नगरपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

(ख) **"कृषि उत्पादक"** भन्नाले कृषि वाली उत्पादन गर्ने कृषकलाई सम्झनु पर्दछ ।

(ग) **"कृषि विकास उपशाखा"** भन्नाले मन्थली नगरपालिका अन्तर्गतको कृषि विकास उपशाखालाई सम्झनु पर्नेछ ।

(घ) **"प्राविधिक समिति"** भन्नाले दफा ९ अनुसार गठित समिति सम्झनु पर्नेछ ।

(ङ) **"पैंचो पसल"** भन्नाले कृषकहरुका उत्पादन लिई वा खरिद गरी उनीहरुलाई घरब्यवहारमा आवश्यक पर्ने सामानहरु वा उक्त सामानको निर्धारित मूल्य वरावरको रकम उपलब्ध गराउनेगरी स्थापना भएको पसल भन्न बुझ्नु पर्दछ ।

(च) **"स्थानीय तह"** भन्नाले मन्थली नगरपालिका सम्झनु पर्नेछ ।

शाखा अधिकृत

हरिप्रसाद थापागाई
प्रमुख प्रशासकीय अधिकृत

३. उद्देश्य :

यस मापदण्डका उद्देश्यहरु देहाय बमोजिम हुनेछन् :

(क) स्थानीय उत्पादनलाई प्रोत्साहन गर्ने।

(ख) साना कृषकहरुका कृषि उत्पादनको बिक्रिवितरण सुनिश्चित गर्ने।

(ग) वस्तु विनिमय प्रणाली लागू गरी न्यून आय भएका कृषकहरुलाई लाभान्वित गर्ने ।

परिच्छेद – २

विनिमय गर्न सकिने बाली/वस्तुहरु र साझेदारी सम्वन्धी ब्यवस्था

४. पैंचो पसलमा विनिमय गरिने वस्तु वा सामानहरु र मूल्य निर्धारणः

(१) पैंचो पसल सञ्चालन गर्ने सहकारी संस्थाले देहायका वाली/वस्तुहरु विनिमय गर्न सक्नेछ ।

क. तरकारी/कन्दमुल वाली

ख. फलफूल वाली

ग. दलहन वाली

घ. तेलहन वाली

ङ. अन्न वाली

च. मसला वाली

छ. कुखुरा/हाँस/परेवा/अण्डा

ज. खसी/बाख्रा

झ. दुध वा दुधजन्य उत्पादनहरु

ञ. मह

ट. च्याउ

(२) नगरपालिकाले प्रत्येक वर्ष पैंचो पसलबाट विनिमयका लागि उपदफा (१) मा उल्लेखित मध्ये केहि बालीहरु मात्र छनौट गर्न सक्नेछ ।

(२) पैंचो पसलमा विनिमय गरिने सामान र उक्त सामानको मूल्य वा दररेट र परिमाण सम्वन्धित वडाको वडा समितिले निर्धार गरे बमोजिम हुनेछ ।

५. साझेदारी रकमः

पैंचो पसलका लागि साझेदारी गरिने रकम नगरपालिकाबाट प्रत्येक आ.व.मा स्वीकृत भए बमोजिम हुनेछ ।

## परिच्छेद - ३
## साझेदारीका क्षेत्रहरु

**६. लागत साझेदारी गरिने क्षेत्रहरुः**

(१) नगरपालिकाबाट पैंचो पसल सञ्चालनका लागि देहायका शिर्षकमा साझेदारी गरिनेछ ।

(क) कृषि उपज खरिद गरि विक्रि वितरणका लागि आवश्यक पूर्वाधारहरु

(ख) भण्डारण तथा सुरक्षा

(ग) नापतौल उपकरण

(घ) ढुवानी तथा वजारिकरण

(२) उपदफा १ बमोजिमका क्षेत्र बाहेक अन्य क्षेत्रमा नगरपालिकाबाट उपलब्ध गराउने रकम खर्च गर्न सकिने छैन ।

## परिच्छेद - ४
## कार्यक्रम सञ्चालन प्रक्रिया

**७. माग संकलन :**

(१) मन्थली नगरपालिकाले नगर भित्र कार्यक्षेत्र रहेको सहकारी संस्थाहरुबाट प्रस्ताव माग गर्न १५ दिने सूचना प्रकाशन गर्नेछ।

(२) दफा ८ मा तोकिएको मापदण्ड पुरा भएका संस्थाहरुले अनुसुची १ को ढाँचामा निवेदन र अनुसूचि २ बबमोजिमको प्रस्ताव पेश गर्नुपर्नेछ।

**८. छनौटका आधार तथा मापदण्डः**

१. पैंचो पसल सञ्चालनको लागि सहकारी संस्था छनौंट गर्दा देहायका मापदण्ड तथा छनौटका आधारमा गरिनेछ ।

क. न्यूनतम ५०/५०% लागत साझेदारी गर्न इच्छुक भएको।

ख. अनुसूचि ३ बमोजिमको ढाँचामा कम्तिमा ३ वर्ष कारोबार गर्ने प्रतिवद्धता गरेको।

ग. सामान खरिद बिक्रीको लागि आवश्यक पूर्वाधार (भण्डारण तथा सुरक्षा, नाप तौल आदि) भएको।

घ. अनुसुची १ बमोजिमका कागजात पेश गरेको।

२. सम्बन्धित कामको अनुभव, ५०% भन्दा बढी लागत साझेदारी गर्ने प्रतिवद्धता एवम् सक्रिय सहकारीहरुलाई छनौंटमा प्राथमिकता दिइने।

हरिप्रसाद थापागाई
प्रमुख प्रशासकीय अधिकृत

## परिच्छेद ५

## कार्यक्रमको छनौट सम्वन्धी संस्थागत ब्यवस्था

**९. प्राविधिक समिति :**

(१) प्रस्तावहरुको छनौटका लागि निर्देशक समिति समक्ष सिफारिस गर्न आर्थिक विकास समितिका संयोजकको संयोजकत्वमा आर्थिक विकास शाखा प्रमुख र पशु विकास उपशाखा सदस्य तथा कृषि उपशाखा प्रमुख सदस्य सचिव रहने गरी ४ सदस्यीय प्राविधिक समिति गठन गरिनेछ । समितिले आवश्यक ठानेका अन्य ब्यक्तिहरुलाई आमन्त्रित गर्न सक्नेछ ।

(२) प्राविधिक समितिले यस मापदण्डको अधिनमा रही अवाश्यकता अनुसार मूल्यांकनका सूचकहरु तयार गरी प्रस्तावपत्रको मूल्यांकन गर्नेछ ।

**१०. निर्देशक समितिः**

(१) प्रस्तावपत्रको छनौट, कार्यक्रम कार्यान्वय लगायतका विषयमा नीतिगत निर्णयका लागि देहाय अनुसारको निर्देशक समिति गठन गरिनेछ ।

- नगरप्रमुख — संयोजक
- प्रमुख प्रशासकीय अधिकृत — सदस्य
- आर्थिक विकास समिति संयोजक — सदस्य
- घरेलु तथा साना उद्योग कार्यालयको प्रतिनिधि — सदस्य
- रामेछाप उद्योग वाणिज्य संघ — सदस्य
- आर्थिक विकास शाखा प्रमुख — सदस्य सचिव

उल्लेखित समितिले आवश्यकता अनुसार अन्य पदाधिकारी तथा विषयविज्ञलाइ समेत बैठकमा आमन्त्रण गर्न सक्ने छ ।

## परिच्छेद - ६

## भुक्तानी तथा लेखापरीक्षण

**११. भुक्तानी सम्वन्धी ब्यवस्थाः**

(१) नगरपालिकाले साझेदारी रकम कार्य सम्पन्न भए पश्चात् प्राप्त विव भरपाई, प्रतिवेदनको आधारमा सम्वन्धित सहकारी संस्थाको बैंक खातामा भुक्तानी गर्नेछ।

**१२. लेखाङ्कन सम्वन्धी ब्यवस्थाः**

(१) यस कार्यक्रमको लेखा, लेखाङ्कन, लेखा परिक्षण तथा आर्थिक कारोवार सम्बन्धी अन्य व्यवस्था प्रचलित ऐन/नियम अनुसार हुनेछ ।

शाखा अधिकृत

हरिप्रसाद घापागाई
प्रमुख प्रशासकीय अधिकृत

## परिच्छेद - ६

## विविध

**१३. प्रगति माग गर्ने :**

(१) पैंचो कारोवार गर्ने सहकारी संस्थाले कारोवार गरेको मासिक प्रगति विवरण विवरण नगरपालिकाले माग गर्न सक्नेछ।

(२)उपदफा (१) बमोजिमको प्रगति प्रतिवेदन माग भई आएपछि संस्थाले नगरपालिकालाई तथ्याङ्क उपलब्ध गराउनु पर्नेछ ।

**१४. अनुगमन तथा मूल्याङ्कन :**

(१) मन्थली नगरपालिका, आर्थिक विकास समिति, सम्वन्धित वडा कार्यालयले आवश्यकता अनुसार यस कार्यक्रमको अनुगमन गर्न सक्नेछन् । यसरी गरिएको अनुगमन मूल्याङ्कनको प्रतिवेदन नगरपालिकामा पेश गर्नु पर्नेछ ।

**१५. समन्वय :**

कार्यक्रमलाई व्यवस्थित र प्रभावकारी बनाउन संघीय तथा प्रदेश सरकारबाट कार्यान्वयन हुने कार्यक्रमहरुसँग समेत समन्वय गरी दोहोरोपना नहुने गरी कार्यक्रम सञ्चालन गर्न सकिनेछ ।

**२०. प्रचलित कानुन वमोजिम हुनेः**

यस मापदण्डमा उल्लेख भएका कुरामा यसै मापदण्ड र अन्य कुरामा प्रचलित कानुन बमोजिम हुनेछ ।

लेखा अधिकृत

हरिप्रसाद चापागाई
प्रमुख प्रशासकीय अधिकृत

अनुसूचि १

मिति .........................

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,
मन्थली नगरपालिकाको कार्यालय,
मन्थली, रामेछाप ।

मन्थली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मन्थली, रामेछाप
बागमती प्रदेश, नेपाल

विषय -. प्रस्तावपत्र पेश गरिएको सम्वन्धमा।

प्रस्तुत विषयमा तहाँ कार्यालयको पैंचो पसल स्थापना तथा सञ्चालनका लागि प्रस्ताव पेश गर्ने सम्बन्धी मिति २०८०/०९/२६ को सूचना अनुसार कार्यक्रम सञ्चालन ईच्छुक भएकोले तपसिलका कागजातहरु संलग्न राखि प्रस्तावपत्र पेश गरिएको छ।

संलग्न कागजातहरुः

१. तोकिएको ढाँचामा निवेदन।
२. वडा कार्यालयको सिफारिस।
३. संस्थागत निर्णयको प्रतिलिपि।
४. तोकिएको ढाँचाको प्रस्तावपत्र।
५. अख्तियार प्राप्त व्यक्तिको नागरिकता प्रमाण पत्रको प्रतिलिपि।
६. सहकारी दर्ता प्रमाणपत्रको प्रतिलिपि।
७. स्थायी लेखा नं., कर चुक्ता विवरण, लेखा परीक्षण विवरण।
८. व्यवसाय दर्ता/नवीकरण प्रमाण पत्रको प्रतिलिपि।
९. कार्यक्रम सञ्चालन हुने स्थान (भवन/कोठा) को स्वामित्व खुल्ने कागजात वा भाडामा लिएको भएमा कम्तिमा ३ वर्ष अवधि बाँकी रहेको सम्झौता पत्र र उक्त क्षेत्रको तिरो तिरेको रसिदको प्रतिलिपि।
१०. पैंचो पसल कम्तिमा ३ वर्ष सञ्चालन गर्ने सम्बन्धी संस्थागत निर्णय सहितको प्रतिवद्धता पत्र।

निवेदकः
नामः
पदः
सहकारी संस्थाको नामः
सहकारी संस्थाको छापः

शाखा अधिकृत

हरिप्रसाद चापागाई
प्रमुख प्रशासकीय अधिकृत

मन्थली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मन्थली, रामेछाप
बागमती प्रदेश

# अनुसूचि २

## प्रस्ताव पत्र

१. प्रस्तावित संस्थाको नामः ...............................

२. कार्यक्रम सञ्चालन गर्ने स्थान (टोल समेत) ..........................................

३. सहकारीको गत आ.व. २०७९/८० को वार्षिक कारोबार रकम .....................

४. सहकारीको जम्मा सदस्य संख्याः ............... महिलाः ......... पुरुषः .........

५. कार्यक्रम सञ्चालन गर्ने स्थलको विवरण

| वडा नं. | गाउँ/टोलको नाम | जग्गाको क्षेत्रफल (रो.) | भवन/कोठा संख्या | जनशक्ति भए (जना) |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

६. भौतिक संरचना सम्बन्धी विवरण (स्टोर, प्रयोग गर्न सकिने खाली जग्गा, सडक सुविधा, चिस्यान सम्बन्धी सामग्री लगायत अन्य स्थायी संरचना)

.....................................................................................................................................

७. प्रस्तावित क्रियाकलापहरु

| क्र.सं. | क्रियाकलापहरु | कुल बजेट | नगरपालिका | सहकारी |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

८.कार्यक्रम कार्यान्वयन विधिः

.....................................................................................................................................

.....................................................................................................................................

.....................................................................................................................................

.....................................................................................................................................

.....................................................................................................................................

प्रस्तावकको नामः

पदः

सहकारीको नामः

हस्ताक्षरः

सहकारी संस्थाको छापः

शाखा अधिकृत

हरिप्रसाद चापागाई

अनुसूचि ३

**प्रतिवद्धता पत्र**

मन्थली नगरपालिकाबाट चालु आ.व. २०८०/८१ मा स्वीकृत पैंचो पसल स्थापना तथा सञ्चालन सम्बन्धी कार्यान्वयनका लागि यस सहकारी संस्थाको तर्फबाट नगरपालिकाले उपलब्ध गराउने कुल बजेटको न्यूनतम शतप्रतिशत साझेदारी सहित मन्थली नगरपालिका वडा नं. ....... को ............. स्थानमा पैचो पसल सञ्चालन गरी उक्त क्षेत्रमा आर्थिक गतिविधि गरिरहेका साना किसानहरुले उत्पादन गरी बिक्री गर्न ल्याएका सामान प्राप्त गरी उनीहरुलाई आवश्यक वस्तु/सामान वा नगद कम्तिमा ३ वर्षसम्म उपलब्ध गराउन यो प्रतिवद्धता जाहेर गर्दछौं।

सञ्चालक समितिका पदाधिकारीहरुको हस्ताक्षरः

१. .
२. .
३. .
४. .
५. .
६. .
७. .
८. .
९. .
१०. .
११. .
१२. .
१३. .

शाखा अधिकृत

हरिप्रसाद चापागाई
प्रमुख प्रशासकीय अधिकृत